# नेपालमा घांसेबालीको वर्तमान अवस्था

डा. वंशी शर्मा
प्रमुख पशु विकास अधिकृत
राष्ट्रिय चरन तथा पशु आहारा केन्द्र
हरिहरभवन ।

नेपाल कृषि प्रधान देश हो । यहांको ६६% जनता रोजगारीको लागी श्रम शक्ति कृषिमा नै खर्च गर्छन् । राष्ट्रिय ग्राइस्थ उत्पादन (GDP) मा कृषि क्षेत्रको योगदान ३६% छ । पशुपालन क्षेत्र कृषिको अभिन्न अंग हो । कृषि GDP को २७% योगदान पशु सेवा क्षेत्रवाट प्राप्त हुन्छ । पशुपालन क्षेत्रमा आधुनिक प्रविधिको विस्तार, सधन पशु पालन, पशु विमा, ऋण प्रवाह, नश्ल सुधार कार्यक्रम, पशु स्वास्थ्य कार्यक्रम, मुल्य श्रृंखलामा बजारीकरण, चरन तथा पशु आहारा विकास समुचित ढंगमा गराउने चुनौती छ ।

नेपालको १२% जमिन चरन क्षेत्रले ढाकेको छ । नेपालमा १७,६६००० हे. चरन क्षेत्र छ । यस्को अलावा आ.ब. ०६९।७० वाट Forage Mission संचालन गरी ४५,००० हे., थप भूमिमा घांस विकास गर्ने लक्ष्यका साथ देश अगाडी वडेको अवस्था छ । यो कार्यक्रम ३ चरणमा ४० जिल्लामा संचालन हुनेछ । हालसम्मको ३५ जिल्लामा संचालन भएको अवस्था छ । यस बर्ष ७,६०० हे. क्षेत्रमा चरन बिस्तार गरीने कार्यक्रम छ । निम्नानुसारको जिल्लामा मिसन कार्यक्रम संचालन भई राखेको अबस्था छ ।

आ.व. २०७०/७१ (२५ जिल्ला)

पूर्वान्चल- झापा, मोरङ., सुनसरी, सप्तरी, सिरहा ।

मध्यमान्चल- धनुषा, महोत्तरी, सर्लाही, बारा, मकवानपुर, चितवन, नुवाकोट, काठमाण्डौ, काभ्रे, रामेछाप

पश्चिमान्चल- नवलपरासी, रुपन्देही, कपिलबस्तु, तनहूँ, कास्की ।

मध्यपश्चिमान्चल- बाँके, बर्दिया, दाङ. ।

सुदुरपश्चिमान्चल- कैलाली, कंचनपुर ।

आ.व. २०७१/२०७२ (१० जिल्ला)

पूर्वाञ्चल - इलाम ।

मध्यमान्चल- धादिङ., रौतहट, सिन्धुली, पर्सा, ललितपुर, भक्तपुर ।

पश्चिमाञ्चल - पाल्पा, बागलुड. ।

मध्यपश्चिमान्चल- सुर्खेत ।

घांसमा आधारीत पशुपालन नै दुध, मासुको उत्पादन लागत घटाउने सहि उपाय हो । घांस हिउंदे,वर्षे र वहुवर्षिय किसीमका हुन्छन् । सबै प्रकारमा वढी प्रोटीन युक्त कोसे घांस वा अन्य अकोसे घांस पर्दछन् । कोसे तथा अकोसे घांस मिसाएर पशुलाई खुवाउनु पर्दछ । परालमा आधारीत पशु पालनवाट तुलनात्मक लाभको अपेक्षा हुंदैन । परालवाट निम्न स्तरीय कार्वोहाइड्रेड जिवन धान्न प्राप्त हुन्छ । पराललाई १-२% यूरीया ट्रिटेमेन्ट गरेर पोषिलो पार्न सकिन्छ । उघ्राउने पशुलाई दाना मात्रा खुवाएर पाल्न शारीरिक बनौटको आधारमा सकिदैन् ।

समग्र बर्षा मौसममा असारवाट असोजसम्म स्थानीय घांसको प्रचुरता हुन्छ । कार्त्तिक- फागुणसम्म डोलेघांस र भुईघांस (उन्नत) जस्तै जई, वर्षिम, काउपी, (वोडी), भेच आदिले पशु पोषणमा महत्वपूर्ण योगदान राख्दछ । चैत्र-जेठसम्म धेरै सुख्खा हुने हुंदा पशु आहारामा विशेष ध्यान पुर्याउनु पर्दछ । टियासेन्टी, जुनेलो, मकै आदि घांस यो अवस्थामा लाउने, खुवाउने गर्नु पर्दछ ।साथै सुख्खा समयमा परालको अतिरिक्त **UMMB- Urea Molasses Mineral Block** पशुमा खुवाउनु पर्दछ । यो मिनरल, सख्खर आदि मिलाएर बनाएको डल्ला हो ।

चरन तथा खर्क विकासमा हिमाली तथा उच्च पहाडी जिल्लामा विशेष ध्यान पुर्याउनु पर्दछ । समय तालिका मिलाई गोठ घुमाउने चलन (**Rotational Grazing**) लाई प्राथमिकता दिने । जस्ले गर्दा परजीवी रोग नियन्त्रण र घांसको मात्रा र अवस्था पशुपालनमा उपयुक्त हुन्छ ।

पिउने पानी पोखरीको व्यवस्था गते झाडी वुट्यान फाड्ने, चरन जाने वाटो वनाई दिने गर्नु पर्दछ । स्थानीय कोते, ढिम्ची , बुकी जस्ता कोसे स्थानीय जातलाई प्रोत्साहन गर्ने, कार्य गर्नु पर्दछ । **White clover**, जई घांस, राई घांस उपयुक्त समयमा लगाउनु पर्दछ ।

कुनै पनि भौगोलिक क्षेत्रमा घांसको विऊ छर्न पूर्व खनजोत गर्ने, मलखाद प्रयोग गर्ने र शिफारीस गरीएको वीऊ उपयुक्त मात्रामा सहि समयमा छर्ने । समय समयमा गोडमोल गर्ने र घांसको कटींग

गरी घांस आपुर्ती गर्नु पर्दछ । वीउ उत्पादन गर्ने घांसको भने १-२ कटींग पछि नकाटी छाड्नु पर्ने हुन्छ ।

मध्ये पहाडमा हिउंदे, वर्षे घांस छर्ने । सामुदायिक वन कबुलियती वनमा भुई घांस तथा डोलघांसको विरुवा लगाउनु पर्दछ । डाले घांस यो क्षेत्रमा प्रचुर रुपमा पाइन्छ ।

तराई क्षेत्रमा हिउंदमा जई, वर्षिम र वर्षा याम टियोसेन्टी, बाजरा , मकै प्रमुख रुपमा लगाईन्छ । सामुदायिक वनमा भूई घांस खेती गरी कृषकले लाभ लिन सक्ने अवस्था छ । हाईटेन्सन लाइन, विद्युत प्रशारण लाइन मुनि भुई घांस,खेती गर्ने । नहरको दुवै तर्फ उन्नत घांसको वीउ छर्ने वाटोको दुवै तर्फ पहाडमा अम्रिसो,नेपियर लगाउन सकिन्छ ।

पशुपालन व्यवसायको एक तिहाई खर्च घांस तथा आहारामा व्यतित हुने घांस उत्पादन लागत घटाउन उन्नत घांस खेती अपरीहार्य भई आएको छ ।

कृषकले १ वटा उन्नत गाई/भैंसी पालन कम्तीमा १ रोपनीक्षेत्रफलमा उन्नत भई घांस डाले घांस लगाई फडर गार्डेन स्थापना गर्नु पर्छछ । १२ महिना हरीयो घांस उपलव्ध गराउन पशु सेवा प्राविधिकको पशु सेवा फांर्म, जिल्ला पशुसेवा कार्यालय, सेवा केन्द्र, उपकेन्द्रको सहयोग लिनु पर्दछ ।

उन्नत घांसको बिऊ कटिंग प्राप्त हुने नजिकको श्रोतकेन्द्र किसानले थाहा पाई राख्नु पर्दछ । भूई घांसमा पनि रोग तथा परजीवी प्रकोप हुन सक्दछ । तसर्थ इपिल इपिल जस्ता कोषे घांसलाई हेज वनाएर राख्ने । सिलिंड समस्या भएका नष्ट पारी पुःन स्वच्छ विरुवा रोप्ने । वर्षिममा हेलीकाभरपीस परजीवीको समस्या गत साल देखिएको हुंदा गणस्तरीय विउ खरीद गरी चनाखो रहनाले समस्या हुना साथ उपयुक्त औषधि गर्ने एक दिन ढिलो उपचार गरे, घांस खेती सखाप हुन्छ ।

पशुपालनमा ७०% महिला कृषकको योगदान छ । घांस काट्ने र घांस जोहो गर्ने काम वढी महिलाले नै गर्ने हुंदा उन्नत घांस खेती गरेमा घांस संकलन गर्ने समयमा वचत भई घरायसी काम, वालबच्चा रेखदेखमा बढी समय पुग्ने देखिन्छ । उन्नत भूई घांस लगाउंदा उमार शक्ति ८०-९०% न्यूनतम भएको मात्र छर्ने । कोसे घांस वर्सिममा इनोकुलम लगाएर मात्र छर्ने । घांसको सुद्धता हेर्ने । वीउ परीक्षण गरी उपयुक्त नतीजा आएमा मात्र फार्म वा खेत, वारीमा घांस लगाउनु पर्दछ । कोसे घांस ४०% र अकोसे घांस ६०% गरि मिश्रित रुपमा घांस लगाएमा पशु आहारा व्यवस्थापनमा प्रत्यक्ष टेवा पुग्छ ।

समुदायमा आधारीत **Forage Mission** लाई गन्तव्यसम्म पुर्याउन उच्च स्तरीय गुण भएको **Foundation seed** घांसेवाली विउ वृद्धी फार्ममा चरन तथा घांसेवाली अनुसन्धान महाशाखावाट

उपलव्ध भएको छ। राष्ट्रिय कृषि अनुसन्धान केन्द्रवाट उन्मोचित विउलाई नै प्राथमिकता दिइएको छ। सरकारी फार्म तथा घांसको करार खेती  गरी उन्नत घांसको वीउ जिल्ला पशु सेवा का. मा पुर्याइन्छ। विउको गुणस्तर कायमा राख्न थ्रेसिंग गर्न स्थान पक्की फार्ममा वनाईएको छ। मिसावट गर्न निरुत्साह गर्न ।विउलाई राम्ररी सुकाएर भेटलवीन, सिडवीनमा राखी भण्डारण गर्ने। सामुदायिक घांसको वीऊ कोष स्थापना गर्न पुजींगत नगद अनुदान दिने व्यवस्था छ।

वर्तमान अवस्थामा हाडव्रीड सिड पनि आएको अवस्था छ। तर घांसको वीउ किसानले नै उत्पादन गरी, भण्डारण गरी आगामी दिनमा उपभोग गर्न सक्ने गरी दिगोपना ल्याउनमा राष्ट्रिय चरन तथा पशु आहारा केन्द्रको सकारात्मक भूमिका रहि आएको छ।

जिन टेक्नोलोजीमा आधारीत घांस विकास गर्ने, इन्कुवेटरमा वीउ राखी १ हप्तामा जमरा जस्तै घांस उत्पादन गरी थोरै ठाउंमा धेरै पशु पालन गर्न सक्ने अवसर श्रृजना गर्ने प्रविधि विश्वमा विकसित भई रहेको अवस्थामा हाम्रो पशु पालन र घांस व्यवस्थापन गर्न मौलिक आवश्यकता पहिचान गरी साना किसानले समेत अवलम्बन गर्न सक्ने प्रविधि विस्तारमा जोड दिनु पर्ने अवस्था छ। चरन तथा पशु आहारा क्षेत्रको विकासमा नै पशुपालन क्षेत्र एवं कृषकको उत्कृष्ट भविश्य रहनेछ।

चुरे क्षेत्र संरक्षणमा घास बाली लगाउने प्रमुख कार्यक्रम हुन सक्दछ। भुक्षय रोक्नमा अति चरीचरण र ढुड.ा उत्खननमा रोक लगाउन जरुरी छ। यस्तै गरी बढी बादरको प्रकोप हुने क्षेत्रमा घास खेती गरी पशुपालनबाट बढि भन्दा बढि आम्दानी लिन सकिन्छ।